का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ कात्तिक २०८०,
बुधबार
8 November 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# संकटमा संस्थापन !

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउने यसका संस्थापक दलहरु छुट्टै छलफलमा जुट्न थालेका हुन् । यसले उनीहरुमा रहेको त्रास झल्काउँदछ ।



मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको बैठकमा सहभागीहरु । तस्बिर: प्रदीपराज वन्त/रासस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बोलाएको सर्वदलीय बैठकमा शान्ति प्रक्रिया टुंग्याउने विषयमा छलफल भएको छ । मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको बैठकमा बाह्रबुँदे समझदारीका क्रममा भूमिका खेलेका राजनीतिक दलबीच समसामयिक राजनीतिक परिस्थिति, विद्यमान अवस्थाका बारेमा छलफल भएको हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउने यसका संस्थापक दलहरु छुट्टै छलफलमा जुट्न थालेका हुन् । यसले उनीहरुमा रहेको त्रास झल्काउँदछ । प्रधानमन्त्री प्रचण्डले बाह्रबुँदे समझदारीमा हस्ताक्षर गर्ने दलहरुलाई बैठकमा बोलाएका थिए । जस कारण रास्वपा र राप्रपा भने सहभागी थिएनन् ।

सर्वदलीय बैठकपछि प्रधानमन्त्री प्रचण्डले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति सबै नेताहरु एकठाउँ उभिएको बताए । उनले संघीय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याउन नेतृत्वदायी भूमिका खेल्ने पार्टी र नेताहरुको समीक्षात्मक बैठक निरन्तर राख्नेबारेमा पनि एकमत भएको बताए ।

'नेपालको आधुनिक राजनीतिक इतिहासका सन्दर्भमा देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याउन नेतृत्वदायी भूमिका खेल्ने पार्टी र नेताहरुको समीक्षात्मक बैठक थियो । यो बैठकमा संविधानप्रति, संघीय लोकतान्त्रिक गणतन्त्रप्रति सबैको एउटै खालको प्रतिवद्धता व्यक्त भयो । यसलाई निरन्तर बैठक राख्नुपर्छ । हामी सामान्य समीक्षा गरौं भनेर गरेको हो, कसैसँग तर्सिएको छैन' प्रधानमन्त्री प्रचण्डले भने ।

एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गणतान्त्रिक व्यवस्था सुधारको आवश्यकता रहेको बताए । उनले मुलुकमा उत्पन्न विभिन्न मुद्दामा राजनीतिक दलहरूबीच एकताको आवश्यकता रहेको पनि बताए । गणतन्त्र, संघीयता लगायतका राजनीतिक मुद्दा जनताबाट अनुमोदन भइसकेको उनको भनाइ छ ।

'त्यतिखेर हामीले जुन मान्यता अगाडि सारेका थियौं, त्यो मान्यता अनुरुप अगाडि बढ्यौं । जनताको सहयोग, समर्थन, अनुमोदन पनि रह्यो । संविधान निर्माण गर्‍यौं । व्यवस्थालाई परिवर्तन गर्‍यौं, गणतन्त्र ल्यायौं । संघीयताको स्थापना गर्‍यौं । यी सबै कुरा जनअनुमोदित भइसकेका छन्' उनले भने ।

साथै अध्यक्ष नेपाल अगाडि भन्छन्, 'जनताको समर्थन र जनताको विश्वास प्राप्त गरेको यो व्यवस्थाको बारेमा अरु हिसाबले कसैले केही भन्ने बित्तिकै यसको पछि लाग्ने कुरा आउँदैन । पार्टीहरूको बीचमा एकता र आपसी सहकार्यको आवश्यकता छ ।'

जनताको सवालमा सबै राजनीतिक दल एकताबद्ध हुनुपर्ने उनको भनाइ छ । 'जनताको जनजिविकाको समस्यालाई हल गर्ने कुरामा पार्टीहरुले देश र जनताको हितलाई सर्वोपरी राखेर अगाडि बढ्नुपर्छ भन्दै अहिलेपनि यस विषयमा हाम्रो धारणामा कुनै भिन्नता हुनु हुँदैन । यो संविधान, व्यवस्था, संघीयताप्रति हाम्रो पार्टीको प्रतिबद्धता छ' उनले भने, 'व्यवस्था परिवर्तनको आवश्यकता छैन, व्यवस्था सुधारको आवश्यकता छ । व्यवस्था र अवस्थाको बारेमा मान्छेको जुन भाष्य छ, त्यो भाष्य उपयुक्त होइन । व्यवस्थामा पनि सुधार गर्नुपर्छ ।'

नेकपा एमालेका सचेतक महेश बर्तौलाका अनुसार संविधान र विद्यमान व्यवस्थामा जनतामा छाएको निराशाबारे छलफल भएको छ । उनले सामाजिक सञ्जाललाई दुरुपयोग गरेको विषयमा पनि छलफल भएको बताए ।

'प्रधानमन्त्रीज्यूले विशेष गरी बाह्रबुँदे समझदारीका क्रममा महत्वपूर्ण भूमिका खेलेका राजनीतिक पार्टीहरु, १२ बुँदे समझदारीमा हस्ताक्षर गर्ने राजनीतिक दलहरु बीचमा केही समसामयिक राजनीतिक परिस्थिति, विद्यमान कतिपय पक्षका सन्दर्भमा बोलाउनुभयो । त्यसमा गम्भीरताका साथ छलफल भएको छ' उनले बैठकपछि भने ।

सरकारकै अकर्मण्यताका कारण देशमा हिंसात्मक घटना बढेको उनको भनाइ छ । 'सरकारको अकर्मण्यताका कारण देशमा हिंसात्मक घटना बढेको छ भन्ने हामीले ध्यानाकर्षण गर्‍यौं । सरकारले ठीक ढंगले डेलिभरी दिन सकेको छैन । हामीले हाम्रो कुरा राख्यौं, सरकार भएको अनुभूति छैन । सरकारले ठीक ढंगले हिँडोस भनेका छौं' उनले भने,

>>> पृष्ठ २ मा

संविधानप्रति, संघीय लोकतान्त्रिक गणतन्त्रप्रति सबैको एउटै खालको प्रतिबद्धता व्यक्त भएको छ । यस्तो बैठकलाई निरन्तर राख्नुपर्छ ।



**प्रचण्ड**
प्रधानमन्त्री

संविधान, संघीयता गणतन्त्र जनताबाट अनुमोदित भइसकेको छ । अब परिवर्तनको आवश्यकता छैन, व्यवस्था सुधारको आवश्यकता छ ।



**माधवकुमार नेपाल**
पूर्वप्रधानमन्त्री

सरकारको अकर्मण्यताका कारण देशमा हिंसात्मक घटना बढेको छ । सरकारले डेलिभरी दिन सकेको छैन । सरकार ठिक ढंगले हिँडोस् ।



**महेश बर्तौला**
सचेतक, एमाले

गणतन्त्र र लोकतन्त्रका सम्बन्धमा छिटफुट, पानीको फोकाजस्तो देखा पर्न खोजेको प्रहारलाई मिलेर प्रतिवाद गर्ने भन्ने सर्वसम्मत निष्कर्ष छ ।



**पम्फा भुसाल**
उपाध्यक्ष, माओवादी केन्द्र

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं

- कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर, श्र स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानि नोक्सानी पु-याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुयाउनु, धम्की दिनु, गाली-गलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुर्‍याउनु,
- यस्ता कार्यहरु कानूनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भूकम्प प्रभावित क्षेत्रमा भीआईपीको भीड



भूकम्पको केन्द्रबिन्दु जाजरकोटको रामीडाँडामा भुकम्पले पुऱ्याएको क्षति अवलोकनका क्रममा मंगलबार राष्ट्रपति रामचन्द्र पौडेल, उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्कालगायत । तस्बिर : राष्ट्रपति कार्यालय

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक ।

मंगलबार पुगे राष्ट्रपति रामचन्द्र पौडेल भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिम पुगे । उनले आफैं चढेको हेकिल्पटमार बिरामी लिएर काठमाडौं फर्किए । राष्ट्रपतिको साथमा अन्य भिआइपी मन्त्रीहरु समेत जाजरकोट र रुकुम पश्चिम पुगे ।

जाजरकोटमा भूकम्प गएको चार दिन बितेको छ । सरकारी विवरण अनुसार यस अवधिमा १४ जना भीभीआईपी र भीआईपी भूकम्प प्रभावित क्षेत्रमा पुगेका छन् । अधिकांश भीभीआईपी र भीआईपी सेनाको हेलिकोप्टर चढेर भूकम्प प्रभावित क्षेत्रमा पुगेका छन् ।

भिआइपी पुग्दा प्रभावित क्षेत्रमा ठूलो संख्यामा सुरक्षाकर्मी सुरक्षार्थ खटिनु परेको छ । राष्ट्रपति लगायतका भीभीआईपी र भीआईपी व्यक्ति पुग्दा धेरै कर्मचारी उनीहरुकै पछि कुद्नु परेको छ । यसले भूकम्पपछिको खोज, उद्धार र राहात सामग्री वितरणमा असर गरेको भनी कतिपयले भुकम्पपछिको क्षतिको अवलोकन गर्न जाजरकोट र रुकुम पश्चिममा पुगिरहेका भिआइपीहरुको सन्दर्भमा सामाजिक सञ्जालमा आलोचना हुन थालेको छ ।

भूकम्प प्रभावित क्षेत्रमा पीडित जनताहरुले अझै ओत लाग्ने ठाउँ, त्रिपाल पाइरहेका छैनन् । यस्तोमा भिआइपीको अवलोकन आलोचनामा परेको

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## पोल्याण्ड पठाइदिने भन्दै लाखौं ठग्ने महिला पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ कात्तिक

वैदेशिक रोजगारीका लागि आकर्षक तलबमा पोल्याण्ड पठाइदिने भन्दै लाखौं रकम लिइ ठगी गरेको आरोपमा प्रहरीले काठमाडौं इन्द्रचोकबाट एक जना महिलालाई पक्राउ गरेको छ । प्रहरीले भक्तपुर नगरपालिका १० घर भइ हाल काठमाडौंको नागार्जुन नगरपालिका-६ रामकोट बस्दै आएकी ३९ की सुनिता कर्माचार्यलाई इन्द्रचोकबाट पक्राउ गरेको हो ।

कर्माचार्यसमेतको समूहले मदनराज मोक्तानसहित १७ जनालाई आकर्षक तलब सुविधामा युरोपेली मुलुक पोल्याण्ड पठाइदिने प्रलोभन दिएर ठगी गरेको बताइएको छ । उनीहरुले पीडितहरुबाट पटक-पटक गरी ३८ लाख रुपैयाँ रकम लिइ सम्पर्कविहीन भइ ठगी गरेको अनुसन्धानका क्रममा खुलेको पनि प्रहरीले बताएको छ ।

उनीहरूले पोल्याण्ड जान प्रतिव्यक्ति ८ लाख रुपैयाँ लाग्ने र पोल्याण्ड पुगेपछि मासिक एक लाख पचास हजार रुपैयाँ तलब



हुने प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भनेर विश्वास दिलाइ प्रलोभनमा पारी ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले बताएको छ ।

ठूलो रकम उठाएर फरार भएपछि कर्माचार्यविरूद्ध वैदेशिक रोजगार विभागमा उजुरी परेको र सोही उजुरीको आधारमा महानगरीय अपराध अनुसन्धान

>>> पृष्ठ २ मा

### युरोप पठाउने भन्दै लाखौं ठगेर कन्सल्ट्यान्सीका सञ्चालक फरार

काठमाडौं/मस- राजधानीको चक्रपथमा कार्यालय रहेको फ्लाई टप कन्सल्ट्यान्सीले वैदेशिक रोजगारका लागि विभिन्न युरोपेली मुलुक पठाइदिने भन्दै ५० जनाभन्दा बढी युवायुवतीलाई अलपत्र पारेको छ ।

वर्किङ भिसामा युरोपेली मुलुकमा पठाइदिने प्रलोभन दिएर ५० हजारदेखि १ लाख रुपैयाँसम्म उठाएर उक्त कन्सल्ट्यान्सीका पासाङ शेर्पा नामका सञ्चालक सम्पर्कविहीन भएपछि पीडितहरू आफ्नो रकम असुलउपर हुने उपाय खोज्दै वैदेशिक रोजगार विभाग ताहाचल गुगेका छन् ।

## राष्ट्रपतिको निर्णयमा नियन्त्रणको प्रस्ताव

आममाफीलगायतका विषयमा कतिपयले प्रश्न उठाइरहेका बेला अघिल्लो कार्यकालमा नागरिकता विधेयक रोकिएको सन्दर्भलाई लिएर संसदीय अध्ययन प्रतिवेदनले राष्ट्रपतिको निर्णयमा नियन्त्रणको प्रस्ताव गरेको हो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक ।


संविधानतः राष्ट्रपतिको काम, कर्तव्य र अधिकार संविधानको पालना र संरक्षण गर्ने हो । संसदको बनाएको कानून प्रमाणीकरण गर्ने, मन्त्रिपरिपषदको सिफारिसमा अध्यादेशहरु सिफारिस गर्ने लगायतका अधिकार पनि राष्ट्रपतिलाई छ । यी लगायतका कतिपय कार्यमा राष्ट्रपतिले विवेक समेत प्रयोग गर्नुपर्ने हुन्छ । तर एक संसदीय अध्ययन प्रतिवेदनले राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणको कार्यका सम्बन्धमा नियन्त्रणको प्रस्ताव गरेको छ ।

'संविधान अनुसार बन्न बाँकी कानूनहरूको अध्ययन प्रतिवेदन २०८०' ले राष्ट्रपतिको कार्यसम्पादन सम्बन्धी छुट्टै कानूनको आवश्यकता औंल्याएको हो । अध्ययन प्रतिवेदनमा अविलम्ब कानून निर्माण हुनुपर्ने भनी ४० वटा विषय सिफारिस गरिएको छ ।

जसमध्ये एउटा विषय राष्ट्रपतिको कार्यसम्पादनसँग सम्बन्धित छ । जहाँ भनिएको छ, 'राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरण सम्बन्धी कार्यलाई थप स्पष्ट गर्ने विषय (छुट्टै कानूनको आवश्यकता बोध भएको) छ ।'

संविधानको भाग ६ मा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था छ । संविधानको धारा ६१ (२) मा 'राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछ ।

>>> पृष्ठ २ मा



"समस्या आएपछि समाधान गर्ने गरी कानून बनाउने प्रस्ताव आउनुलाई सकारात्मक रूपमा लिनुपर्ने हुन्छ । तर राष्ट्रपति केही पनि होइन जस्तो गरी हरेक विषय कानूनद्वारा निर्देशित हुनुपर्ने अवस्था पनि ठिक होइन ।

**नीलाम्बर आचार्य**
संविधानविद् एवम् पूर्व कानूनमन्त्री

VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
PRO Manager - (2 Male /Female)
PRO Officer - (2 Male /Female)
Documentation Officer - (1 Male / 2 Female)
Should have experience in related field.
SALARY Negotiable
SEND YOUR CV: sumeruover@gmail.com
9802052488|9851039870|9818614998
SUMERU OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Nepal.
Tel : 4381511, 4366045
Web. : www.sumeruover.com.np.
श्रम इ. पत्र नं.: १३६०/०७४/०७५

मध्यान्ह
www.madhyanhadaily.com
२२ कात्तिक २०८०, बुधबार
8 November 2023, Wednesday

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग जुट्दै



**काठमाडौं/मस–** नेपाली कांग्रेसले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख सहयोग गरेको छ। कांग्रेसका सभापति शेरबहादुर देउवासहितको पदाधिकारीहरुको प्रतिनिधि मण्डलले मंगलबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई बालुवाटारमा भेटी उक्त रकम बराबरको चेक हस्तान्तरण गरेको हो।

कांग्रेसले भूकम्पपछिको उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माणका लागि नौ बुँदे सुझाव पेश गर्दै सरकारको ध्यानाकर्षण पनि गराएको छ। कांग्रेसले भूकम्पपछिको खोज र उद्धारमा प्रधानमन्त्रीको तदारुकता र तत्परताको प्रशंसा पनि गरेको छ। कांग्रेसले राहत र पुनःनिर्माणका लागि अनुभवी कर्मचारी परिचालन, अस्थायी आवासको व्यवस्था, उद्धार र पुनःस्थापनामा एकद्वार प्रणाली अनुसरण गर्दा प्रदेश सरकार र स्थानीय सरकारलाई नै नेतृत्वदायी भूमिका दिई संघीय सरकारको अनुगमन र सहजिकरणका लागि सुझाव समेत दिएको छ। सो अवसरमा कांग्रेस सभापति देउवासँगै महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, प्रचारविभाग प्रमुख मीनबहादुर विश्वकर्मालगायत थिए।

सो अवसरमा प्रधानमन्त्री प्रचण्डले विगतका राम्रा अनुभवहरुको अनुसरण गर्ने बताए। उनले खोज र उद्धारको पहिलो चरणको काम सफलतापूर्वक सम्पन्न भएको बताउँदै अब राहत र पुनःनिर्माणको दोस्रो चरणको काम द्रुतगति हुने बताए। उनले भने, 'हिजो मात्र दुवै छिमेकी राष्ट्रका राजदूतलाई छुट्टाछुट्टै बोलाएर राहतका लागि कुरा भएको छ। उहाँहरुले राहतका लागि आफूहरु सुरुवात गरेको बताउनुभयो। यसरी सबैतिरबाट आर्थिक र अन्य सहयोगहरु आउने क्रम जारी छ।' प्रधानमन्त्रीले आगामी दिनमा भूकम्पलगायतका अन्य प्राकृतिक प्रकोपका लागि स्थानीय तहमा भण्डारणको व्यवस्था गर्ने, भूगोलको अध्ययन गरेर एकीकृत बस्तीको मापदण्ड तोक्ने लगायतका कामबारे छलफल भएको बताए। उनले नेपालीहरुमा संकटको बेला एकैठाउँमा उभिने संस्कार विगतका प्राकृतिक विपतमा झैं यसपटक पनि सबै एकजुट भएको बताए।

यसैबीच नेकपा माओवादी केन्द्रले जाजरकोट भूकम्प पीडितका लागि रु ५० लाख राहत रकम सहयोग गरेको छ। माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसालले मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग भेट गरी उक्त रकम बराबरको चेक हस्तान्तरण गरिन्।

सो अवसरमा माओवादी नेताहरूले भूकम्प प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा सरकारले निर्वाह गरेको भूमिकाप्रति धन्यवाद दिँदै राहत र पुनःस्थापनालाई प्रभावकारी बनाउन ध्यानाकर्षण गराएका थिए।

यसैबीच, सूर्य नेपाल प्रालिले भूकम्प प्रभावितको राहतका लागि एक करोडको चेक हस्तान्तरण गरेको छ। सूर्य नेपालका उपाध्यक्ष रवी केसी प्रधानमन्त्री दाहाललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरे।

मंगलबार नेकपा (एकीकृत समाजवादी)ले पनि २५ लाख सहयोग गरेको छ। पार्टीका अध्यक्ष माधवकुमार नेपाल लगायतका नेतासहितको प्रतिनिधि मण्डलले प्रधानमन्त्रीलाई बालुवाटारमा भेट गरी २५ लाख बराबरको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको लागि हस्तान्तर गरेको थियो।

# तिहारका लागि फूल र मालाको मूल्य निर्धारण



**चितवन/मस–** फ्लोरिकल्चर एशोसिएसन नेपाल जिल्ला समिति चितवनले तिहारलाई लक्षित गरी फूल र मालाको मूल्य निर्धारण गरेको छ। समितिले सयपत्री फूलको मालाको एक सय र फूलको प्रतिकिलो पाँच सय रुपैयाँ तय गरेको हो।

निर्धारित गरिएको मूल्य अनुसार फूल र माला बिक्री भए नभएको अनुगमनका लागि स्थानीय निकाय र प्रशासनलाई अनुरोधसमेत गरिएको संघका अध्यक्ष तेजेन्द्र सापकोटाले बताए।

उनका अनुसार जिल्लामा हाल ५० बिघा क्षेत्रफलमा चाडपर्व लक्षित गर्दै फूलखेती गरिएको छ। यसबाट दुई लाख ५० हजारदेखि तीन लाखसम्म माला तयार हुने अनुमान गरिएको छ। यहाँको बजारको माग चार लाख माला भएको उनको भनाइ छ।

छिमेकी जिल्लाबाटसमेत माला र फूल चितवनको बजारमा आउने गरेको छ। धादिङ, दाङलगायतका जिल्लाबाट पनि फूल र माला यहाँ आउने गरेको उनको भनाइ छ। साथै भारतबाटसमेत फूल र माला आउने भएकाले यसलाई रोक्न पुष्पविकास केन्द्रले आयातको अनुमतिमा रोक लगाएको उनले बताए।

संघका सचिव सुलभ श्रेष्ठले गतवर्ष जिल्लामा ३५ बिघा क्षेत्रफलमा फूलखेती गरिएकोमा अहिले ५० बिघा क्षेत्रफलमा खेती गरिएको जानकारी दिए।

व्यावसायिक रुपमा खेती गर्ने किसान आठजना रहेकोमा चाडपर्व विशेष खेती गर्ने किसानको संख्या भने जिल्लामा एक सय हाराहारी रहेको उनको भनाइ छ। प्लास्टिकजन्य फूलमालाको गुच्छा बजारमा अत्यधिक मात्रामा आइसकेको भन्दै संघले यसलाई नियन्त्रण गर्न स्थानीय प्रशासन समक्ष माग गरिएको उनले जानकारी दिए।

चाडपर्व लक्षित गर्दै भरतपुर महानगरपालिका-२३ मा २० बिघामा फूलखेती गरिएको छ। वडा कार्यालयको सक्रियतामा वडाभित्र सो क्षेत्रफलमा फूलखेती गरिएको हो। सो वडाका अध्यक्ष दीपक दवाडीका अनुसार विगतका वर्षमा तरकारी खेती गरिएका ठाउँमासमेत अहिले फूलखेती गरिएको हो। कृषिमा युवालाई जोड्ने उद्देश्यका साथ फूलखेतीमा युवा परिचालन गरी समूह बनाइ काम गरिएको उनले बताए।

फूलखेती गर्ने किसानलाई मल, बीउ, सिँचाइको व्यवस्था वडा कार्यालयले गरेको उनले जानकारी दिए। उनले भने, 'कृषिलाई व्यावसायिक बनाउनका लागि हामीले फूलखेतीबाट शुरु गरेका छौं।' जगतपुर कृषि फार्म प्रालिले अहिले २५ हजार बिरुवा फूल लगाएको छ। यहाँका युवा मिलेर फूलखेती गर्न लागेको प्रालिका कोषाध्यक्ष हरि आचार्यले जानकारी दिए। उनले भने, 'अघिल्लो वर्ष नौ कठ्ठामा खेती गरेका थियौं। अहिले यसलाई बढाएर ३० कठ्ठा पुर्‍याएका छौं।'

संस्थाका शेयर सदस्य पदमप्रसाद चालिसे युवालाई स्वरोजगार बन्ने ठाउँका लागि कृषि कर्ममा लागिएको बताउँछन्। विदेशमा भएका युवाको सक्रियतामा यहाँ रहेका युवालाई एकजुट बनाउने काम गरिएको उनले बताए। उनले भने,'घरमै बसेर स्वरोजगार बन्नका लागि कृषि पेसा उत्तम छ। अझै फूलखेती नगदे बाली भएकाले यसको प्रवर्द्धन गर्न जरुरी छ।'

# आलमविरुद्धको मुद्दामा सुनुवाइ शुरु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ कात्तिक



नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री महमद आफताव आलमको मुद्दामा मंगलबारदेखि जिल्ला अदालत गौरमा सुनुवाइ शुरू भएको हो।

२०६४ सालको पहिलो संविधान सभाको निर्वाचनको पूर्व सन्ध्यामा भएको बम फिस्फोटको घटनामा संलग्न भएको आरोपमा दायर भएको बम विस्फोट तथा कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालतमा सुनुवाइ शुरु भएको हो। आलम थुनामा बन्दी जीवन बिताइ रहेका छन्।

निर्वाचनमा बूथ कब्जा गर्ने उद्देश्यले राजपुर फरहदवामा बनाइ रहेको बम विस्फोट हुँदा रौतहटको सरुअठा निवासी त्रिलोक प्रताप सिंह भनिने पिन्टू सिंहसहित २ जनाको मृत्यु भएको थियो।

मृतक सिंहका बुबा नारायण सिंहले दिएको जाहेरीको आधारमा सर्वोच्च अदालतले अनुसन्धान गर्न आदेश दिँदा पूर्वमन्त्री आलमलाई प्रहरीले २०७६ साल आसोज २६ गते पक्राउ गरेको थियो।

अनुसन्धानपछि अभियोगसहित पेश गरिएको आलमलाई जिल्ला अदालतले थुनामा राखेर मुद्दाको पूर्पक्ष गर्ने आदेश दिँदा आलमसहित ३ जना कारागारमा रहेका छन्। पूर्व सांसद समेत रहेका आलमसहित आलमका भाइ मोहमद महताब आलम र शेख सेराज कारागारमा रहेका छन् भने अन्य आरोपित धरौटीमा रिहा भएका छन्। ११ जनामाथि रहेको उक्त मुद्दामा मंगलबार बहस नसकिएकाले निरन्तर सुनवाई प्रक्रियामा राखिएको रौतहट जिल्ला अदालतले जनाएको छ।

### संकटमा...

'अब सरकार कसरी बढ्छ उसोको कुरा हो।' बैठकपछि नेकपा माओवादी केन्द्रकी उपाध्यक्ष पम्फा भुसालले बाह्रबुँदे समझदारी पत्रका हस्ताक्षर पक्षधर राजनीतिक दलहरुको बैठक बसेको र आफू संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर भएको र गणतन्त्र र लोकतन्त्रको पक्षमा प्रतिवद्ध रहेको बताएको जानकारी गराइन्।

उनका अनुसार बाह्रबुँदे पक्षधर दलहरुलाई बोलाएको बैठकमा मैजुदा व्यवस्थामाथि हुन थालेको विभिन्न प्रहारलाई मिलेर प्रतिवाद गर्ने सहमति पनि भएको छ।

'तीन दलका शीर्ष नेताहरुले आफू संघीय लोकतन्त्रिक गणतन्त्रको पक्षधर भएको, खासगरी गणतन्त्र र लोकतन्त्रको पक्षमा प्रतिबद्ध भएको बताउनुभएको छ' माओवादी उपाध्यक्ष भुसाल भन्छिन्, 'यदाकदा, छिटफुट, पानीको फोकाजस्तो विभिन्न कोणबाट देखा पर्न खोजेको प्रहारलाई मिलेर प्रतिवाद गर्ने भन्ने सर्वसम्मत निष्कर्ष छ।'

### भूकम्प...

हो। भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिमका धेरै घरहरु भत्केका छन्। खोज तथा उद्धार सकाएर घाइतेको उपचारका साथसाथै राहात सामाग्री वितरणमा सरकार लागेको छ। अस्थायी आवास र पुननिर्माण तथा पुनःस्थापनाको विषयमा छलफल अगाडि बढेको छ।

प्रधानमन्त्री प्रचण्डसँग ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्तिबहादुर बस्नेत र सांसद जनार्दन शर्मा लगायत गएका थिए।

भूकम्प प्रभावित क्षेत्र पुग्ने भीआईपीमा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला, स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेत, प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना पनि पुगेकी छन्।

कात्तिक १९ गते प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना भूकम्प प्रभावित क्षेत्रमा पुगेकी थिइन्। उपप्रधान तथा रक्षामन्त्री पुर्णबहादुर खड्का तीनपटक सेनाको हेलिकोप्टरमा भूकम्प प्रभावित क्षेत्रमा पुगेका छन्।

### पोल्याण्ड...

कार्यालयले पक्राउ गरेको थियो। खासगरी कृषि श्रमिकको माग रहेको पोल्याण्ड नेपाली कामदार व्यक्तिगत भिसामा गइरहेका छन्। व्यक्तिगत भिसामा जाने क्रममा ठगीको जोखिम पनि त्यत्तिकै रहेको घटनाक्रमहरूले देखाएको पीडितहरूले बताएका छन्।

### राष्ट्रपतिको...

निजले यस संविधान र संघीय कानुन बमोजिम आफ्नो कार्य सम्पादन गर्नेछ' भनिएको छ।

तर, राष्ट्रपतिले गर्ने कार्य सम्बन्धी संघीय कानुन बनेको छैन। अध्ययनले संविधानको धारा ६१९२० को व्याख्या सहित राष्ट्रपतिको कार्यसम्पादन सम्बन्धी संघीय कानुन बनाउन संघीय सरकार र संघीय संसदसमक्ष सिफारिस गरेको छ।

साथै, संघीय संसदले बनाएको कानुन राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्रै लागू हुन्छ। तर, प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा संघीय संसदले दुई पटक पारित गरेर पठाएको 'नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक लाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेकी थिइनन्।

१५ दिने समयसीमा नाघेको धेरैपछि वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता सम्बन्धी ऐन संशोधन विधेयक प्रमाणीकरण गरिदिए। यो विषयमा पनि प्रश्न उठेको छ। दुई जना राष्ट्रपतिबाट भएका यी दुई कार्यलाई संविधान र कानुनले स्पष्ट व्याख्या गर्न नसकेको निष्कर्ष सहित संसदीय अध्ययन प्रतिवेदनले छुट्टै व्याख्याको आवश्यकता औंल्याएको हो।

संविधानको धारा ११३ मा विधेयक प्रमाणीकरण सम्बन्धी व्यवस्था छ। संविधान अनुसार विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणित गरी विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेश गर्नुपर्छ। अर्थ विधेयकका हकमा भने सभामुखले प्रमाणित गर्नुपर्छ। अर्थ विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेश भएको पन्ध्र दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना दुवै सदनलाई दिनुपर्ने हुन्छ।

संविधानतः अर्थ विधेयक बाहेक अन्य विधेयकमा पुनर्विचार हुनु आवश्यक छ भन्ने लागेमा राष्ट्रपतिले पेश भएको पन्ध्र दिनभित्र सन्देश सहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सक्छन्।

यही व्यवस्था अनुसार १५ साउन २०७९ मा प्रमाणीकरणका लागि पेश भएको नागरिकता सम्बन्धी ऐन संशोधन विधेयकलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २९ साउन २०७९ मा सन्देश सहित प्रतिनिधिसभामा फिर्ता पठाएकी थिइन्।

राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी विधेयक प्रस्तुत रूपमा (जस्ताको तस्तै) वा संशोधन सहित पारित गरी पुनः पेश गर्न सक्ने संवैधानिक व्यवस्था छ।

यस अनुसार संघीय संसदले दोस्रो पटक पारित गरेपछि तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले नागरिकता विधेयक प्रमाणित गरी प्रमाणीकरणका लागि २० भदौ २०७९ मा पुनः राष्ट्रपतिसमक्ष पेश गरेका थिए। संविधानतः दोस्रो पटक पारित भएर आएको विधेयक राष्ट्रपतिले प्राप्त भएको १५ दिनभित्र प्रमाणीकरण गरिसक्नुपर्छ।'त्यसरी (दोस्रो पटक पारित भएर आउने प्रक्रिया अनुसार) पेश भएको विधेयक पन्ध्र दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ, संविधानको धारा ११३ (४) मा छ। तत्कालीन राष्ट्रपति भण्डारीले यो १५ दिने समयसीमाभित्र नागरिकता विधेयक प्रमाणीकरण गरिनन्। राष्ट्रपति कार्यालयले किन विधेयक प्रमाणीकरण नभएको हो भनेर सार्वजनिक रूपमा पनि बोलेन र संसदलाई पनि जानकारी गराएन।

'विधेयक प्रमाणीकरण गर्नुपर्ने बाध्यकारी व्यवस्था उल्लंघन भए के हुन्छ' भन्ने प्रश्नको जवाफ संविधान र कानुनमा छैन। त्यसैले यसको व्याख्या सहितको कानुनको आवश्यकता संसदीय अध्ययन प्रतिवेदनले औंल्याएको हो।

आम माफी लगायतका विषयमा कतिपयले प्रश्न उठाइरहेका बेला अघिल्लो कार्यकालमा नागरिकता विधेयक रोकिएको सन्दर्भलाई लिएर संसदीय अध्ययन प्रतिवेदनले राष्ट्रपतिको निर्णयमा नियन्त्रणको प्रस्ताव गरेको हो।

संविधानविद एवं पूर्वकानुनमन्त्री नीलाम्बर आचार्य समस्या आएपछि समाधान गर्ने गरी कानुन बनाउने प्रस्ताव आउनुलाई सकारात्मक रूपमा लिनुपर्ने बताउँछन्। 'तर, राष्ट्रपति केही पनि होइन जस्तो गरी हरेक विषय कानुनद्वारा निर्देशित हुनुपर्ने अवस्था पनि ठीक होइन' उनी भन्छन्, 'नियन्त्रण र सन्तुलनको स्थिति ख्याल गरिनुपर्छ।'


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/२५ मा दर्ता भएको **प्रा.लि. नं. २४९५२६** को **बुद्ध शप प्रा.लि.** को मिति २०८०/०६/२३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. ३८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com



**कुवेतमा रोजगार** | कम्पनी : SKY LOGISTICS GEN TRADING & CONT. CO.
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०४/२३ चलानी नं.: ६०१८४७९१ LT. No.: 268916 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 48 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१६४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Helper - Indoor / Outdoor | 37 | 0 | | 95 | ४०८८८ | | | | | | | |
| 3. | Heavy Driver | 1 | 0 | | 165 | ७१०१७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० कार्तिक २९ गते (15 November 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SUMERU OVERSEAS PVT. LTD.
श्रम ई. पत्र नं.: १३६०/०७४/०७५
Basundhara, Kathmandu, Tel : 4381511, 4366045
E-mail : sumeruover@gmail.com, Web. : www.sumeruover.com.np



**Malaysia मा Security Guard हरूलाई रोजगार**
MT SECURITY SERVICES
Company: Mt Security Services Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०८०/०७/१५ चलानी नं. ६०२०९५६९ LT No. : 294533

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 25 | साधारण | 1500 | ४१,८५९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

उमेरः 25 देखि 43 बर्ष, उचाई : 5.4 भन्दा माथि, अंग्रेजी तथा मले भाषा बोल्न सक्ने साथै सम्बन्धीत कामको अनुभव भएकाहरुलई प्राथमिकता दिईनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

फाइनल अन्तरवार्ता कम्पनिको प्रतिनिधिबाट २०८० मंसिर ७ गते (23 Nov, 2023) यस प्रा. लि. को कार्यलय बसुन्धारा, काठमाडौंमा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १)आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला।२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला।५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला।

Relation Employment Service Pvt. Ltd. Lic. No. 906/067/068
Basundhara, Kathmandu, Nepal, Ph: 4959803, 4960094



**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनीः GUNAYDIN BAKERY COMPANY शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०७/२१ चलानी नं.: ६०२०९९०७ LT. No.: 294831

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bakery | 5 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६०,२५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/Helper | 5 | 0 | | 100 | ४३,०४१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २९ गते (15 November 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

GOLD OVERSEAS PVT. LTD.
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

# नेपालमा लगानी गर्न एसिया प्रशान्त क्षेत्रका व्यवसायीलाई प्रधानमन्त्रीको आग्रह



**काठमाडौं/मस-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुक आर्थिक समृद्धिको मार्गमा रहेकाले नेपालमा लगानी गर्न एसिया प्रशान्त क्षेत्रका व्यवसायीलाई आग्रह गरेका छन् । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वमा गएको एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघका अध्यक्ष पिटर म्याकमुलिन एमसहितको प्रतिनिधिमण्डलसँगको भेटमा उनले नेपालको आर्थिक समृद्धिको यात्रामा सहयोग गर्न आग्रह गरे।

नेपालले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय लगानी आह्वान गरिरहेको, नेपालमा लगानीका लागि उपयुक्त कानून र वातावरण रहेको तथा लगानीकर्तालाई सबै प्रकारका सहयोग गर्न सरकार तयार रहेको प्रधानमन्त्री दाहालले विश्वास दिलाए ।

सो अवसरमा महासंघका अध्यक्ष ढकालले ३७औं 'क्यासी' सम्मेलन नेपालको आर्थिक विकासका मुद्दामा केन्द्रित भएको र सम्मेलन सहयोगी हुने अपेक्षा नेपाली निजी क्षेत्रले गरेको बताए। एसिया प्रशान्त क्षेत्रबाट लगानी एवं प्रविधि भित्र्याउन क्यासीमार्फत महासंघले पहल गर्ने थप स्पष्ट पारे ।

क्यासीका अध्यक्ष पिटरले लगानी आकर्षण एवं आर्थिक व्यावसायिक सम्बन्ध विस्तारमा सहयोग पुऱ्याउन तयार रहेको प्रतिबद्धता जनाएको महासंघले जनाएको छ । भेटवार्तामा अर्थमन्त्री डा प्रकाशशरण महत, मुख्यसचिव डा बैकुण्ठप्रसाद अर्याल र क्यासी पदाधिकारी एवम् सदस्यको उपस्थिति थियो। निजी क्षेत्रको प्रतिनिधिमुलुक संस्था नेपाल उद्योग वाणिज्य महासंघ यस संस्थाको संस्थापक सदस्य रहेको छ।

# भूकम्प पीडितलाई सञ्चार मन्त्रालयको सहयोग




**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मातहत निकायका कर्मचारीले भूकम्प पीडितलाई सहयोग गर्ने भएका छन्। मन्त्रालयका सचिव कृष्णबहादुर राउत संयोजकत्वमा बसेको बैठकले जाजरकोट भूकम्प पीडितलाई सहयोग गर्ने निर्णय गरेको हो ।

राजपत्राङ्कित विशिष्ट/प्रथम श्रेणी वा दश तह र सोभन्दा माथिका कर्मचारीले तीन दिनको, राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी वा छ तहदेखि नौ तहसम्मका कर्मचारीले दुई दिन र सहायकस्तरका सम्पूर्ण कर्मचारीले एक दिन बराबरको तलब सहयोग प्रदान गर्नेछन् ।

यही कात्तिक महिनाको मासिक पारिश्रमिकबाट नै कट्टा हुने गरी सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्ने निर्णय पनि बैठकले गरेको छ। यो सहयोगका अतिरिक्त सम्पूर्ण निकायले आफूले सकेको र आफ्नो भूमिका क्षेत्रभित्र पर्ने एवं थप योगदान गर्न सक्षमता एवं इच्छा भएमा आर्थिक, भौतिकलगायत अन्य सहयोग गर्ने निर्णय पनि बैठकले गरेको छ ।

बैठकमा महाशाखा प्रमुख, विभागका महानिर्देशक र मन्त्रालयका शाखा प्रमुख तथा निकायका प्रमुख प्रतिनिधिको उपस्थिति रहेको थियो । बैठकले प्रभावित क्षेत्रमा सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन मातहतका निकायलाई निर्देशन दिने र सोको अनुगमन गर्ने निर्णय पनि गरेको छ । बैठकले भूकम्पमा परी मृत्युवरण गरेकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र एवं पूर्ण स्वास्थ्य लाभको कामना गरेको छ ।

# एकदिन अघि नै म्ह पूजा र भाइटीका मनाउन आग्रह



**भक्तपुर/मस-** भक्तपुरका नेवार समुदायले यस वर्ष पञ्चाङ्ग निर्णयक समितिले निर्धारण गरेको मितिभन्दा एक दिन अगाडि म्ह पूजा र भाइटीका मनाउने भएका छन् ।

नगरपालिकाले सार्वजनिक सूचनानै जारी गरेर २७ गते म्ह पूजा र २८ गते भाइटीका मनाउन निर्देशनात्मक रुपमा आह्वान गरेको छ । यसवर्षको तिहार (स्वन्ती) मनाउने विषयमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा ज्योतिष डा.वीरेन्द्रप्रसाद कायष्थ एवं ज्योतिष केदारप्रसाद दैवज्ञ, तलेजुका पुजारी प्रजेशराज राजोपाध्याय, महेश कर्माचार्य, पदमलोचन कर्माचार्यसहितको छलफलपछि यस्तो निर्णय गर्दै आफ्ना नागरिकका लागि सार्वजनिक सूचना जारी गरेको नगर प्रमुख प्रजापतिले बताए ।

पञ्चाङ्ग निर्णयक समिति यसवर्ष कात्तिक २५ गते काग तिहार, २६ गते लक्ष्मीपूजा, २७ गते गाई तिहार, २८ गते गोबर्द्धन तथा म्ह पूजा र २९ गते भाइटीका एवं किजा पूजा गर्ने निर्णय गरेको थियो ।

तर भक्तपुर नगरपालिकाले भने २६ गते अपरान्ह २ बजेर १४ मिनेटपछि औंसी तिथि लाग्ने हुँदा उक्त दिन साँझ लक्ष्मीपूजा गर्ने, कात्तिक २७ गते अपरान्ह २ बजेर ४१ मिनेटपछि परेवा प्रतिपदा तिथि सुरु हुने भएकोले त्यसदिन साँझ म्हः पूजा गर्ने र कात्तिक २८ गते अपरान्ह २ बजेर ३८ मिनेटमा द्वितीया तिथि लाग्ने भएकोले सो दिन किजा पूजा अर्थात भाइटीका गरेर तिहार सम्पन्न गर्न आह्वान गरेको छ ।


## साउदीमा रोजगार | कम्पनी : AFFAF CLEANING & MAINTENANCE ESTABLISHMENT

शहर:SAUDI,ARABIA

पूर्व स्वीकृत मितिः २०८०/०७/२१ चलानी नं.: ६०२०९५१७ L.T. No.: 294631

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २९ गते (15 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.

श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४

साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)

गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३

Itahari: 9862360723 | Jhapa: 9806074134

## QATAR मा रोजगार | कम्पनी: AL SOUQ AL BALADI TRADING WLL

शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०४/०९ चलानी नं.: ६०२०५१७२ LT. No.289951 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Packing Worker | 4 | 0 | | 1000 | ३६,४४० | | | | | | | |
| 3. | Salesman | 0 | 3 | | 1500 | ५४,६६० | | | | | | | |

कम्पनी: HOSPITALITY 4 SUCCESS H4S HOTEL AND RESIDANCES शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०६/२८ चलानी नं.: ६०१८९३८१ LT. No.: 273856 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,३७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 22 | 0 | | 1700 | ६१,९४८ | | | | | | | |
| 3. | General Clean Worker | 4 | 0 | | 1000 | ३६,४४० | | | | | | | |
| 4. | Salesman | 10 | 0 | | 1500 | ५४,६६० | | | | | | | |
| 5. | Store Keeper | 1 | 0 | | 1900 | ६९,२३६ | | | | | | | |
| 6. | Waiter | 3 | 3 | | 1400 | ५१,०१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २९ गते (15 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को निःशुल्क क.नं. २ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

TRIVENI HR SOLUTION PVT. LTD.

TRIVENI HR SOLUTION PVT. LTD. PATHWAYS TO EMPLOYMENT

Govt. Lic. No. 1174/073/074

Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258

Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637

Email: Triveni.overseas341@gmail.com, Info@trivenihr.com

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALLIANCE MEDICAL CO FOR HOSPITAL MANAGEMENT & ESTABLISHMENT शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०७/२१ चलानी नं.: ६०२०५९०२ L.T. No.: 294212

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 71 | 50 | स. काममा दक्ष | 100 | ४३,०४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ३० गते (16 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Mashareq International Overseas (P) Ltd.

Govt. Lic No. 415/060/61

सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५


**भोजपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोजपुर**
**कोशि प्रदेश, नेपाल**

## प्राकृतिक स्रोत (ढुंगा, गिट्टि तथा वालुवा) उत्खनन, संकलन तथा विक्रि कर संकलन संवन्धि शिलवन्दि दरभाउ पत्र संवन्धि सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८०/०७/२२**

यस नगर क्षेत्रका देहायका खानी तथा सार्वजनिक खोलाहरुवाट आगामी आ.व. २०८०/८१ मा प्राकृतिक स्रोत (ढुंगा, गिट्टि तथा वालुवा) उत्खनन तथा संकलन गरि बिक्रि बितरण तपशिलका न्यूनतम रकमवाट बढाबढको आधारमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संस्था, कम्पनि वा फर्महरुलाई दरभाउपत्र पेश गर्न सार्वजनिक जानकारिको लागी यो सूचना प्रकाशित गरिएकोछ ।

**तपशिल**

| प्याकेज नंवर | प्रस्तावित क्षेत्र | न्यूनतम रकम रु | बोलपत्र खरिद दस्तुर रु | धरौटी रकम रु |
|---|---|---|---|---|
| १ | सोरेङ्गखोला दोभान क्षेत्र, नखुवाखोला दोभान क्षेत्र र नखुवाखोला/फकुवाखोला दोभान क्षेत्र | १८९७८४.६० | १०००।०० | ५०००।०० |
| २ | पिखुवाखोला सेतिवगर क्षेत्र, घट्टेखोला सिद्वेश्वर, शेरा खोला दाम्सिङ क्षेत्र र शेरा खोला रातमाटे क्षेत्र | ४८७६७९.१३ | १०००।०० | १२५००।०० |
| ३ | पिखुवाखोला सिक्तेल दोभान क्षेत्र र पिखुवाखोला वेहेरेदोभान क्षेत्र | ६१०२५८.९६ | १०००।०० | १५५००।०० |
| ४ | घट्टेखोला पोखरे क्षेत्र, अधेरी- असिने खोला र अखुवाखोला माम्लाखा क्षेत्र | २४६२७३.९९ | १०००।०० | ६५००।०० |

**शर्तहरुः**

१. शिलवन्दी फाराम दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनभित्रको कार्यालय समयभित्र नगर कार्यपालिकाको कार्यालय भोजपुरवाट फिर्ता नहुने गरी तोकिएको फारम दस्तुर बुझाई निवेदन दिई खरिद गर्न सकिनेछ ।
२. शिलवन्दी फारम १६ औ दिनको १२ वजे भित्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ र १४ वजे रीतपूर्वक दर्ता भएको वोलपत्रहरु सम्बन्धित वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोलिनेछ ।
३. फारमसाथ दाखिला गर्नुपर्ने आवश्यक कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरि फर्मको दर्ता तथा नविकरण भएको प्रमाणपत्र र प्रो वा संचालकको नागरिकताको प्रतिलिपि, स्थायी लेखा नम्वर PAN/मूल्य अभिवृद्धि कर VAT को कारोवार गर्न दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी वा म्याद थप प्रमाण पत्रको प्रतिलिपि । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) सँग सम्बन्धीत घोषणापत्र, वैकमा जमानत वापत राखिएको धरौटि रकमको सक्कलै वैक भौचर हुनु पर्नेछ ।
४. शिलवन्दी फाराम खरिदगर्ने र दर्तागर्ने अन्तिमदिन बिदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन तोकिएकै समय र कार्यतालिका हुनेछ ।
'सरकारले यस्तो विपद्को बेलामा हामीजस्ता अपाङ्गता व्यक्तिहरुलाई ध्यान दिनुपर्छ । उनीहरु यस्तो बेलामा धेरै पीडामा परेका हुन्छन् । राहत सामग्री पनि पहिलो प्राथमिकतामा राखेर दिनुपर्छ तर त्यसो भएको देखिँदैन । कति अपाङ्गता भएका व्यक्तिहरु अहिले झन पीडित छन् त्यसको यकिन डाटा पनि सङ्कलन भएको छैन' लोकेन्द्र भन्छन् ।

विपद्को बेला सबैभन्दा समस्या र जोखिममा अपाङ्गता भएका व्यक्तिहरु पर्दै आएका छन्। पहुँचयुक्त संरचना नहुँदा उनीहरु समस्यामा पर्दै आएका छन्। बाढी, पहिरो र भूकम्पजस्ता विपद्का घटनामा अपाङ्गता भएका व्यक्तिहरु झनै जोखिममा हुन्छन् । यस्तो बेलामा पहिलो प्राथमिकता राखेर सरकारले राहत र पुनःस्थापनाको काम गर्नुपर्ने सरोकारवालाहरु बताउँछन् ।

अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका अपाङ्ग महासङ्घ कर्णाली प्रदेशका जितलाल ढकाल भूकम्पमा परी कति अपाङ्गता भएका व्यक्तिहरु समस्यामा परेका छन् भनेर डाटा पनि सङ्कलन नगरिएको बताउँछन्। उनी भन्छन्, 'भूकम्पले कति जनधनको क्षति गर्‍यो यस्तो बेलामा अपाङ्गता भएका व्यक्तिहरु अझै कति पीडित हुनुहुन्छ, तर सरकारले कति व्यक्ति घाइते भए, कति अपाङ्गता भएका व्यक्तिहरु घरबारविहीन भए भनेर कुनै तथ्याङ्क ल्याएको छैन, यो दुःखद हो। सबै व्यक्तिलाई एउटै डालोमा हालेर राहत र पुनःस्थापनाको काम गर्दा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच पुग्न नसक्ने चिन्ता रहेको छ ।'

सरकारले भने कोही कसैलाई पनि पहुँचबाट टाढा नराख्नेगरी एकद्वार प्रणालीबाट राहत र पुनःस्थापनाको काम गरिने बताउँदै आएको छ । जाजरकोट र रुकुम पश्चिममा भूकम्पमा परी अपाङ्गता भएका तीन व्यक्ति घाइते भएका छन् भने एकजनाको मृत्यु भएको छ । जाजरकोटको जम्मा जनसंख्याको पाँच र रुकुम पश्चिममा चार प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको तथ्यांक छ।

## संघीय संसद भवन निर्माण छिट्टै पूरा गर्न सभामुखको निर्देशन



काठमाडौं/मस-सभामुख देवराज घिमिरेले सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद भवन आगामी हिउँदे अधिवेशनबाटै सञ्चालनमा ल्याउने गरी उपकरण जडानलगायत काम पूरा गर्न निर्देशन दिएका छन् ।

निर्माणाधीन भवनमा जडान गर्न लागिएका साउण्ड सिष्टमसहित बहुप्राविधिक उपकरण र गुणस्तरबारे उत्पादन कम्पनीसँग जानकारी लिँदै उनले आगामी दुई महिनाभित्रै भवन निर्माण र उपकरण जडानको काम पूरा गर्न सुझाव दिए ।

सभामुख घिमिरेले हाम्रो आवश्यकता अनुसार नवीनतम प्रविधिको प्रयोग र जोखिम निराकरणसम्बन्धी विषयमा विशेष ध्यान पुर्‍याउन सचिवालयका पदाधिकारी र कर्मचारीलाई सुझाव दिए ।

सहरी विकासमन्त्री सीता गुरुङले संघीय संसद भवन निर्माणलाई सरकारले उच्च प्राथमिकता दिएर अघि बढाइरहेको जानकारी दिए। भवन र उपकरण जडानलाई द्रुततासँगै गुणस्तरको प्रश्नलाई पनि त्यतिकै हेक्कामा राख्न आवश्यक रहेको बताउँदै उनले भने, 'हामीले काम चलाउभन्दा गुणस्तरमा बढी ध्यान दिनुपर्छ भन्ने पाटोमा गम्भीर छौँ ।'

सहरी विकास मन्त्रालय र निर्माण कम्पनी 'टुण्डी सेक ज्वाइन्ट भेञ्चर'बीच विसं २०७६ असोज १६ गते भएको सम्झौताअनुसार समयमै काम भएको भए यसअघि नै सो भवनमा सदन सञ्चालन भइसक्ने थियो । एक सय ५१ रोपनीमा ठूला साना गरी ११ वटा भवन निर्माण गर्नुपर्नेमा हालसम्म ११ वटाको छानासम्मको काम भएको छ ।

आगामी हिँउदे अधिवेशनसम्ममा पाँच वटा भवन तयार हुने ठेकेदार कम्पनीले बताउँदै आएको छ। सञ्चार, साउण्डसिष्टम र उपकरण जडानसम्बन्धी जिम्मेवारी प्राप्त गरेको जर्मनको टेलिभाइस कम्पनीले दक्षिण एशियामै नयाँ उपकरण जडान हुने गरी सभाकक्षसहितको जिम्मेवारी पूरा गर्ने अठोट व्यक्त गरेको छ ।

आयोजना निर्देशक मच्चाकाजी महर्जनले छ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी धमाधम काम भइरहेको तथा सदनमा नवीनतम र गुणस्तरीय उपकरण जडानको काम अघि बढिरहेको बताउनुभयो । परियोजनाअन्तर्गत प्रतिनिधिसभा भवन, राष्ट्रियसभा भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन्। भवन निर्माणका लागि अनुमानित खर्च रु छ अर्ब ९२ करोड भए पनि रु पाँच अर्ब दुई करोडमा सम्झौता भएको छ ।

सरकारले चालु आर्थिक वर्षमा भवन निर्माण विनियोजन रु तीन अर्ब २६ करोड बजेट विनियोजन गरेको छ । संसद भवनभित्र मुख्य भवन आठवटा हुनेछन् । भवनभित्र तीन सय ५० सिट क्षमताको संयुक्त लबी हुनेछ भने साना ठूला गरी १० वटा संसदीय दलका कार्यालय हुनेछन् । यसका चार अतिरिक्त विशिष्ट कक्ष, दुई संसद सचिवालय भवन, संसद लाइब्रेरी, दुईवटा क्यान्टिन क्रमशः एक सय र तीन सय जना अट्ने क्षमताका र तीन सय ९० वटा गाडी पार्किङ क्षमता हुनेछ ।


# मलेसियामा रोजगार

कम्पनी: SHINING TEXTILE SDN. BHD
शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०८/०५ चलानी नं.: ६०१९१५७९ LT. No.: 274950 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Factory Worker (Manufacturing Sec.) | 11 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कात्तिक २९ गते (15 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३५८/०५९/०६०

श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोनः ०१-४७८३३४७, फ्याक्सः ०१-४७८३३४८



## गढवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**गढवा देउखुरी, दाङ**

**लुम्बिनी प्रदेश नेपाल**

### औषधी तथा औषधी जन्य सामाग्री खरीद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०८०/०७/२२ गते)**

यस गढावा गाउँपालिकाभित्र पर्ने स्वास्थ्य चौकीहरुबाट आ.व. २०८०/०८१ मा आम नागरिकलाई विभिन्न ९८ प्रकारका औषधीहरू निःशुल्क वितरण गर्नका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीहरू सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र यस सूचनामा उल्लेखित सेवा सर्तको अधिनमा रही इच्छुक ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा औषधीजन्य सामग्री बिक्रेता, व्यवसायी, व्यक्ति वा फर्महरूले यस गाउँपालिकाको कार्यालय, गढवाबाट पछि फिर्ता नहुने गरी बोलपत्र फारम बिकी बापतको दस्तुर रू. ३०००।- यस कार्यालयको एनआइसि एशिया बैंक स्थित आन्तरिक राजस्व खाता नं. ०५१२०५००२८७३८००२ दाखिला गरी ३१ औं दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र विधुतीय प्रणालीद्वारा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

(१) बोलपत्र खरिद गर्दा निम्न कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।
   (क) फर्म तथा व्यवसाय दर्ता, आयकर दर्ता, मु.अ.कर दर्ता, करचुक्ता प्रमाणपत्र सहित नवीकरण भएको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
   (ख) कबोल अंकको २.५ प्रतिशतले हुने धरौटी रकम यस गाउँपालिकाको कार्यालय, गढवाको एन.आइ.सि. एशिया बैंक स्थित धरौटी खाता नं. ५१४१४९८८२४५२४००३ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिड वण्ड संलग्न हुनु पर्नेछ ।

(२) बोलपत्रदाताले बोलपत्र फारममा दररेट भर्दा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ। कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन ।

(३) बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थान यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र विद्युतीय प्रणालीद्वारा पेश गर्नु पर्नेछ। सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोहि समयमा उक्त कार्यहरू गर्न सकिनेछ ।

(४) सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान यो सूचना प्रकाशित भएको ३१औं दिनको २:०० बजे कार्यालय प्रतिनिधिको रोहबरमा गढवा गाउँपालिकाको कार्यालय गढवामा खोलिने छ। ठेकेदारको प्रतिनिधिको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। माथिको बुँदा नं. ३ अनुसार सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोही समयमा शिलबन्दी बोलपत्र खोलिने छ ।

(५) यस सूचनामा उल्लेख भएका कुराहरू पेश नगरी, बोलपत्रको रीत नपुर्याइ वा ढिलो गरी प्राप्त भएको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

(६) बोलपत्रदाताले मु.अ.कर लाग्ने सामग्रीहरू भएमा आफ्नो कबोल अंकमा मूल्य अभिवृद्धिकर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ। मु.अ.कर रकम छुट्टै भुक्तानी गरिनेछ ।

(७) बोलपत्र स्वीकृत नभएका बोलपत्रदाताहरूको धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकुवा गरिने छ ।

(८) बोलपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसायी सम्बन्धि कसुर सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणापत्र समेत बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(९) शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ। कार्यालयको बोलपत्र आइटमवाइज वा प्याकेजमा स्वीकृत गर्न सकिने छ ।

(१०) खरिद गरिने औषधि तथा सोसँग सम्बन्धित सामानहरू WHO GMP Certified कम्पनीबाट उत्पादित हुनु पर्नेछ र सोको उपयोग (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले १८ महिनाको हुनु पर्नेछ। औषधि तथा सामानको प्याकिङमा "निःशुल्क वितरणको लागि" भन्ने लेवल अनिवार्य रूपमा लेखेको हुनुपर्नेछ। म्याद कम भएको औषधि तथा सामान प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन ।

(११) सप्लाई गर्ने औषधि Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap भए Strip मा सप्लाई गर्नु पर्नेछ ।

(१२) यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) अनुसार हुनेछ ।

(१३) बोलपत्र सम्बन्धी आवश्यक कुराहरू बुझ्नु परेमा गढवा गाउँपालिकाको कार्यालय गढवामा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.क. सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/स्वास्थ्य/०८०/०८१ | औषधी तथा सर्जिकल सामान खरिद | रु. ६०,००,०००।- | रु. १,५०,०००।- | सर्जिकल सामान मु.अ.कर सहित |

**प्रमुख प्रशासकीय अधिकृत**

# कोरोना भाइरसविरुद्धको ४० लाख मात्रा डोज खोप खेर जाँदै




काठमाडौं/मस- कोरोना भाइरसविरुद्ध ल्याइएको ४० लाख मात्रा खोप खेर जान थालेको छ। चीन सरकारले अनुदानमा उपलब्ध गराएको कोरोना भाइरसविरुद्धको साइनोभ्याक खोप ४० लाख मात्रा प्रयोग नगरी म्याद सकिने थालेको हो।

बुस्टर डोजका रुपमा प्रयोग गर्न नमिल्ने भएपछि साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा तीन खोप थन्किएका छन्। चीन सरकारबाट अनुदानमा २०७८ वैशाख १२ र १४ गते उक्त खोप आएको थियो। वैशाख १२ गते ३४ लाख ४३ हजार तीन सय ६० मात्रा र वैशाख १४ गते पाँच लाख ५६ हजार ६ सय ४० मात्रा खोप नेपाल आएको थियो।

व्यवस्थापन महाशाखाका निर्देशक डा सर्वेश शर्माले बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने भएपछि खोपको म्याद सकिने थालेको बताए। उनले खोपको म्याद सकिन थालेकाले अब प्रयोग गर्न नसकिने बताए। 'अहिले कोरोना भाइरसको महामारी पनि छैन। खोपको म्याद पनि सकिन थालेको छ। त्यसैले अब हामी प्रयोग गर्न सक्दैनौं,' उनले भने।

खोपको म्याद यही पुस ७ गतेसम्म मात्र छ। उनले खोप त्यतिकै खेर जान थालेपछि उचित व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्राचार गरिएको बताए। 'हामीले दुई पटकसम्म खोप के गर्ने भनेर मन्त्रालयलाई पत्राचार गरिसक्यौं,' उनले भने, 'अब मन्त्रालयले जे गर्न निर्देशन दिन्छ। त्यही गर्दछौं।'

नेपालमा पहिलो र दोस्रो मात्रा खोप लगाउन मानिस नभएको र बुस्टर डोजका रुपमा प्रयोग गर्न नमिल्ने भएपछि ४० लाख खोप प्रयोगका लागि परराष्ट्र मन्त्रालयबाट कूटनीतिक पहल गरी अन्य देशमा पठाउन पठाउन अनुरोध भएको थियो।

आपूर्ति व्यवस्थापन शाखाको प्रमुख डा सुरेन्द्र चौरसियाले विश्व स्वास्थ्य संगठनले उक्त खोप बुस्टर डोजका लागि उपयुक्त नभएको भनेपछि खोप नलगाइको बताए। 'कोरोना महामारीको बेला खोपको माग गरेर आएको हो। तर खोप नेपाल आउँदा धेरै मानिसले पहिलो र दोस्रो मात्रा खोप लगाइसकेका थिए,' उनले भने, 'खोपलाई डब्लुएचओले बुस्टरका लागि प्रयोग गर्न नमिल्ने भनेपछि हामीले खोपको प्रयोग गर्न सकेनौं।' त्यतिबेला बुस्टर डोजका लागि साइनोभ्याकको सट्टा फाइजर खोप प्रयोग गरिएको थियो। डब्लुएचओले प्रयोग नगर्ने भनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले खोप नलगाउने निर्णय गरेको हो।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले खेर जान थालेको खोपबारे अझै निर्णय नभएको बताए। उनले चीन बाहेक अन्य देशमा पठाउन नसके यही खोपलाई 'डिस्पोजल' गरिने बताए। अहिलेसम्म नेपालमा छ करोड ६९ लाख ८३ हजार दुई सय ७० मात्रा खोप आइसकेको छ।

# अवैध लागुऔषधसहित ६ जना पक्राउ



काठमाडौं/मस-अवैध लागुऔषध खैरो हेरोइन दुई सय ४४ ग्राम, नाइट्रोभेट एक सय १२ ट्याब्लेट र ट्रामाडोल १७ हजार चार सय १५ क्याप्सुलसहित छ जनालाई नेपाल प्रहरी लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-४ बस्ने ३२ वर्षीया सपना रायमाझी, ओखलढुङ्गा खिजीदेम्बा गाउँपालिका-३ बस्ने ३८ वर्षीय गङ्गालाल बिक, काठमाडौं गोकर्णेश्वर नगरपालिका-४ बस्ने ५० वर्षीय दीपक श्रेष्ठ, सोही ठाउँ बस्ने ३० वर्षीय दीपेश डङ्गोल महर्जन, सिरहा धनगढीमाई नगरपालिका-१४ बस्ने ३७ वर्षीय झरेन्द्रबहादुर ठकुरी र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-२ बस्ने २७ वर्षीय सन्दिप इटानी रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

उनीहरूमध्ये सपना रायमाझी र गङ्गालाल बिकलाई अवैध लागुऔषध खैरो हेरोइन ८१ ग्राम पाँच सय मिलिग्रामसहित काठमाडौं गोकर्णेश्वर नगरपालिका-६ नयाँबस्तीबाट कात्तिक १५ गते, दीपक श्रेष्ठ र दीपेश डङ्गोल महर्जनलाई लागुऔषध खैरो हेरोइन एक ग्राम आठ सय मिलिग्राम, ट्रामाडोल १७ हजार चार सय १५ क्याप्सुल र नाइट्रोभेट एक सय १२ ट्याब्लेटसहित काठमाडौं चावहिलबाट कात्तिक १६ गते पक्राउ गरिएको हो। यसैगरी झरेन्द्रबहादुर ठकुरी र सन्दिप इटानीलाई लागुऔषध खैरो हेरोइन एक सय ६० ग्राम छ सय मिलिग्रामसहित काठमाडौं तारकेश्वर नगरपालिका-४ बाट कात्तिक १७ गते प्रहरीले पक्राउ गरेको हो।

उनीहरू उपर लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्बन्धित जिल्ला अदालतबाट लागुऔषध मुद्दामा म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

काठमाडौं, महानगरपालिका-१४ बल्खुस्थित हाम्रो स्टाफ भोजनालय एण्ड खाजा घरबाट नियन्त्रित लागुऔषध डाईजेपाम, फेनारगन, नुर्फिन लेखिएको जम्मा छ सय एम्पुल, चक्कु दुई थान, विभिन्न कम्पनीका मोबाइल तीन थान र नगद ५७ हजार छ सय रूपैयाँसहित पर्सा हरिहरपुर गाउँपालिका-११ घर भई हाल काठमाडौं बल्खु डेरा गरी बस्ने ७० वर्षीय रामचन्द्र चमार समेत तीन जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त कालिमाटीबाट खटिएको टोलीले उनीहरूलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो।

## जुवा खेल्दा खेल्दै सात जना पक्राउ

बूढानीलकण्ठ नगरपालिका-११ कपन खरिबोटस्थित सुलभ (नमस्ते) रेष्टुरेन्ट एण्ड स्नोकर हाउसमा जुवातास खेलिरहेको अवस्थामा सात जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

उक्त स्नोकर हाउसमा ओखर खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले ललितपुर गोदावरी घर भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका-८ बस्ने ३५ वर्षीया मिरू तामाङसमेत सात जनालाई नगद रु २३ हजार छ सय ८० र आठ दाना ओखरसहित पक्राउ गरेको पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ। यस सम्बन्धमा प्रहरी वृत्त बौद्धबाट आवश्यक अनुसन्धान भइरहेको छ।

# कोरला नाका कात्तिक २७ गतेदेखि सञ्चालन हुने



म्याग्दी/मस- मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित कोरला नाका आगामी हप्तादेखि सञ्चालन हुने भएको छ। गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले चिनियाँ पक्षबाट कात्तिक २७ गतेदेखि नाका सञ्चालन हुने जानकारी आएसँगै स्थानीयवासीमा खुसियाली छाएको बताए। 'सरकार, जनप्रतिनिधि र सुरक्षा अधिकारीहरुको तहबाट कोरला नाका सञ्चालन गर्न भएको कूटनीतिक पहल सफल भएको छ,' उनले भने, 'लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दा परिचयपत्रको आधारमा आवतजावत गर्न पाउनेछन्।'

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को असोज पहिलो साता भएको भ्रमणका क्रममा चीनले कोरलालगायत नेपालका १४ वटा व्यापारिक नाका सञ्चालनमा ल्याउने तयारी भएको जनाएको थियो। यसैगरी मुस्ताङ र चीनको स्वशासित क्षेत्र ढोङवासेनका जनप्रतिनिधि तथा सुरक्षा अधिकारीहरुबीच नाका सञ्चालन र व्यवस्थापनका विषयमा चारपटक वार्ता भएको थियो। कोरोना महामारी फैलिएपछि विसं २०७६ देखि कोरला नाका पूर्ण रुपमा बन्द भएको थियो। त्यसअघिका वर्ष कोरला नाकामा वर्षमा दुईपटक अन्तरदेशीय व्यापार मेला हुने गरेको थियो।

उक्त नाका सञ्चालनका लागि लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका एक हजार जनाभन्दा बढी सर्वसाधारणलाई 'नेपाल चीन सीमा क्षेत्रमा प्रस्थानका लागि प्रवेश अनुमतिपत्र' वितरण गरिएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताए।

'प्रवेश पास भएका नागरिकले जुनसुकै समयमा पनि चीन जानेआउने सुविधा पाउनेछन्,' उनले भने, 'कोरला नाकाको नजिकै रहेको नेचुङ भन्सार कार्यालयमा नियमित कर्मचारी उपस्थितिका लागि तयारी गरिएको छ।'

नेचुङ सशस्त्र प्रहरी बल (विओपी)को भवन निर्माण भएको छ। जोमसोमदेखि कोरला नाकासम्म दुई लेनको कच्ची सडकको पहुँच पुगेको छ। चीनले नाकासम्म पक्की सडक र सुविधासम्पन्न भवन बनाएको छ। सन् १९६० को दशकमा चीनमा तिब्बत गाभिएपछि तिब्बतका खम्पाहरू नेपाली भूमि प्रयोग गरेर विद्रोहमा उत्रिएका थिए। सोही विद्रोहका कारण विसं २०३२ देखि कोरला नाका आवतजावतमा कडाइ गरिएको थियो। विसं २०५८ सम्म रोकतोक नरहेको सीमामा २०५९ देखि चीनले तारबार गरेर मेला बाहेकको अवधिमा बन्द गर्दै आएको छ। नाका सञ्चालन भएपछि मुस्ताङका बासिन्दाले दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री, लत्ताकपडालगायत सामग्री सस्तोमा आयात गर्न पाउने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्टले जानकारी दिए।

# जुम्लाका तीन स्थानीय तहले भूकम्प पीडितलाई सहयोग गर्ने

**जुम्ला/मस-** जुम्लाका आठ स्थानीय तहमध्ये तीन स्थानीय तहले भूकम्पपीडितलाई आर्थिक सहयोग गरेका छन्। यही कात्तिक १७ गते शुक्रबार राति जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पले जाजरकोट र रुकुम जिल्लामा ठूलो धनजनको क्षति भएको छ।

उक्त दुखद परिस्थितिको सामना गरिरहेका पीडितलाई सहयोगका लागि तातोपानी गाउँपालिकाले राहतका लागि रु दश लाख दिने निर्णय गरेको गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले जानकारी दिए। यसैगरी नेपाल सरकारको दैवी प्रकोप व्यवस्थान कोषमा रु पाँच लाख भूकम्प प्रभावितका क्षेत्रमा सहयोग गर्ने कार्यपालिकाबाट निर्णय भएको पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले बताए।

भूकम्प प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत, उपचार, पुनःस्थापना, पुनःनिर्माणलगायत कार्यमा सहयोग पुऱ्याउन सिञ्जा गाउँपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक लाख जम्मा गर्ने निर्णय गरेको गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले बताए। जाजरकोट जिल्लाको बारकोट गाउँपालिकामा केन्द्रविन्दु भएर छ दशमलव चार म्याग्नीच्युटको भूकम्पका कारण त्यहाँ ठूलो धनजनको क्षति भएको छ।

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
बाजुरा
२०७५

**पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने सम्बन्धि सूचना**

**सूचना प्रकाशित मिति : २०८०।०७।२२**

पशुपंक्षि तथा मत्स्य पालन व्यवसायमा भएका जोखिमहरु न्यूनीकरण गरी कृषकहरुको लगानी सुरक्षित गर्दै यिनको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषकहरुलाई पशुपन्छी बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा यस कार्यालयको चालु आर्थिक वर्षको पशुपन्छीका माहामारी रोग नियन्त्रण तथा जोखिम व्यवस्थापन कार्यक्रम अन्तरगत पशुधन बीमा शुल्कमा थप अनुदान कार्यक्रममा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि यूनाइटेड-अजोड इन्सुरेन्स कं. लि. बाजुरा शाखा तथा शाखाको टेलिफोन नं. ०९७ ५४१२९७, मो.नं. ९८५८४८९०१६ र भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र मार्तडी बाजुरा तथा कार्यालयको फोन ०९७ ५४१०६४ मोबाइल नं. ९८५८४८५७६४ र ९८५८४२५०२० मा सम्पर्क राख्न अनुरोध छ ।

विमा शुल्कमा थप अनुदानको लागि पेश गर्नुपर्ने कागजातहरु

१. फर्म/संस्था/समूह/समिति दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपि
२. स्थाइ लेखा नम्बर वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. पशुधन विमालेख र विमा गरेको विल विजक
५. विमा शुल्कमा थप अनुदानको लागि समूह/समिति/संस्थाको निर्णयको प्रतिलिपि

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल संखुवासभा
खाँदबारी, कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८०/०७/२२)**

यस कार्यालयबाट मिति २०८० असोज २ गते हिमालय राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायको कार्य गर्नको लागि E–Bidding मार्फत पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन समितिबाट तपसिल बमोजिमका फर्महरु आइटम वाइज न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | कबोल अंक | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | DHS/NCB/GOODS/01/080/081 | Procurement of Medicine Items for District Hospital Pharmacy | Item-wise lowest rate | १. श्री गणेश ड्रग हाउस, बिराटनगर उप-म.न.पा.-१०, मोरंग ।<br>२. इन्टिग्रेट मेडिसिन सप्लायर्स,काठमाण्डौ म.न.पा.-३, काठमाडौ ।<br>३. इमराल्ड फर्मा,काठमाण्डौ म.न.पा.-१०, काठमाण्डौ ।<br>४. सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा.लि. धरान उप-म.न.पा.-१, मोरंग । |

**नि.मेडिकल सुपरिटेंडेंट**

**Geruwa Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Pashupatinagar, Bardiya**

**Invitation of Bids**

**Date of Notice Publication:- 2080/07/22**

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| Sn | Contract ID no | Description of works | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Goods/GRM/NCB/02/2080-081 | Procurment, Supply and Delivery of Sanitary Pads | 58,000.00 | 3000 | Goods, NCB |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted . Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/contact:-9868252424,9858038124 or may visit PPMO website www.bolpatra.gov.np/egp. Bid Submission Date is 2080/08/22 Till 12:00 and Bid Opening on Same day at 14:00. bidders should deposit the cost involves in the projects account as specified below.

| Bank | Revenue Account | Dharauti Account | Bid Security Validity Period |
|---|---|---|---|
| Nepal Investment Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | 17201400000062 | 120 days after Bid opening Date |

3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations.

**Chief Administrative Officer**

# 'गाजामा इजरायलको अनिश्चितकालसम्म समग्र सुरक्षा भूमिका रहनेछ'



**काठमाडौं/एजेन्सी–** इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले हमाससँगको युद्धपछि गाजामा अनिश्चितकालका लागि इजरायलको 'समग्र सुरक्षा जिम्मेवारी' रहने बताएका छन् । करिब २३ लाख प्यालेस्टिनीको बसोबास रहेको गाजापट्टीमा इजरायलले नियन्त्रण कायम गरिरहने योजना बनाइरहेको यो अहिलेसम्मको सबैभन्दा स्पष्ट संकेत हो । सोमबार राति प्रसारित एबिसी न्युजसँगको अन्तरवार्तामा उनले अक्टोबर ७ मा इजरायलमाथिको हमलामा हमासद्वारा बन्धक बनाइएका दुई सय ४० भन्दा धेरै बन्धकमध्ये केहीलाई रिहा गर्न युद्धमा 'थोरै विराम' गर्ने विषयमा खुला रहेको बताए । तर उनले सबै बन्धक नभएसम्म कुनै पनि सामान्य युद्धविरामलाई अस्वीकार गरे ।

सोमबार नेतान्याहु र अमेरिकी राष्ट्रपति जो बाइडेनबीच फोनवार्तापछि व्यापक मानवीय विरामका लागि बाइडेनको आह्वानसँग कुनै सम्झौता नभएको ह्वाइट हाउसले बताएको छ । इजरायली सेना एक साताभन्दा लामो समयदेखि गाजाभित्र प्यालेस्टिनी लडाकूहरूसँग लडिरहेको छ । सेना आधा क्षेत्रमा घुसेर गाजा सहरलाई घेरेर बस्न सफल भएको छ । युद्धको ठूलो मूल्य चुकाउनुपरेको छ । हवाई हमलामा पूरा सहरका ब्लकहरूलाई नष्ट बनाएको छ र करिब ७० प्रतिशत मानिस आफ्नो घर छाडेर भागेका छन् । थुप्रै सर्वसाधारण इजरायली आदेशको पालना गर्दै गाजाको दक्षिणी क्षेत्रतर्फ गएका छन् । गाजामा खाद्यान्न, औषधि, इन्धन र पानीको कमी भइरहेको छ र संयुक्त राष्ट्रसंघद्वारा सञ्चालित स्कुल–आश्रयस्थल सर्वसाधारणले भरिएका छन् ।

हमासले सञ्चालन गरेको गाजापट्टीको स्वास्थ्य मन्त्रालयले चार हजार एक सयभन्दा बढी बालबालिकासहित १० हजारभन्दा बढी प्यालेस्टिनी मारिएको सोमबार बताएको छ । त्यस्तै दुई हजार तीन सयभन्दा बढी सर्वसाधारण बेपत्ता भएका छन र उनीहरू क्षतिग्रस्त भवनहरूको भग्नावशेषमा पुरिएको हुनसक्ने मन्त्रालयले बताएको छ ।

अक्टोबर ७ मा हमासले गरेको आक्रमणमा इजरायलमा अधिकांश सर्वसाधारणसहित करिब एक हजार चार सयको ज्यान गएको छ । त्यसपछि युद्ध शुरु भएको हो । इजरायलले हमासलाई सत्ताबाट हटाउने र उसको सैन्य क्षमतालाई जरैदेखि उखेल्ने वाचा गरेको छ ।

इजरायलले युद्ध शुरु हुनुभन्दा पहिला छ लाख ५० हजार मानिसको घर भएको गाजा सहरमा ध्यान केन्द्रित गरिरहेको छ । हमाससँग सहरमा एउटा विशाल सुरुङ सञ्जालसहित व्यापक मात्रामा आतंकवादी पूर्वाधार संरचना रहेको इजरायलले बताएको छ । हमासले उक्त सुरुङमा सर्वसाधारणलाई मानव ढालका रूपमा प्रयोग गरेको इजरायलको आरोप छ ।

हमासको बाटोमा जान नचाहने मानिसहरूले गाजामा शासन गर्नुपर्ने नेतान्याहुले एबिसी न्युजलाई बताए । 'मलाई लाग्छ, इजरायलले अनिश्चित कालका लागि समग्र सुरक्षा जिम्मेबारी लिनेछ किनकी यस्तो नहुँदा के हुन्छ भनेर हामीले देखेका छौं,' उनले भने, 'हामीसँग त्यो सुरक्षा जिम्मेवारी नहुँदा हामीले देखेको भनेको कल्पना पनि गर्न नसक्ने हमासको आतंककारी विस्फोट हो ।'

# सेप्टेम्बरमा अमेरिकी व्यापार घाटा वृद्धि




**काठमाडौं/एजेन्सी–** निर्यातभन्दा आयातमा ठूलो वृद्धि भएपछि सेप्टेम्बरमा अमेरिकी व्यापार घाटा बढेको सरकारी तथ्याङ्कले देखाएको छ । विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रको समग्र व्यापार अन्तर अपेक्षा गरिएभन्दा धेरै बढेर ६१.५ अर्ब डलर पुगेको वाणिज्य मन्त्रालयले जनाएको छ।

आयात २.७ प्रतिशतले बढेर ३२२.७ अर्ब डलर पुगेको छ भने निर्यात २.२ प्रतिशतले वृद्धि भई २६१.१ अर्ब डलर पुगेको छ । अमेरिकी व्यापारलाई उपभोक्ता खर्चले मद्दत गरेको छ किनकि अमेरिकीहरू महामारीको समयको बचतका कारण डुबेका छन् तर मुद्रास्फीति कम गर्ने उद्देश्यले उच्च ब्याज दरहरूले मागलाई कमजोर पार्ने अपेक्षा गरिएको छ ।

मौद्रिक नीतिमा कडाइ गरिएपछि संयुक्त राज्य अमेरिकाका प्रमुख व्यापारिक साझेदारहरूको वृद्धि दर सुस्त हुँदा निर्यातमा पनि असर पर्न सक्छ । सेप्टेम्बरमा भएको आयातमा मोबाइल फोन र घरायसी सामानका साथै सवारी साधन र पार्टपुर्जाजस्ता उपभोग्य वस्तुका कारण वृद्धि भएको देखिएको छ ।

'अक्सफोर्ड इकोनोमिक्स'का अर्थशास्त्री म्याथ्यु मार्टिनले भने, 'आगामी महिनाहरूमा निर्यात र आयात कमजोर हुने हामीले अपेक्षा गरेका छौं, तर उपभोक्ताको खर्च सुस्त हुँदा र व्यवसायहरूले आफ्नो अनुसन्धान तहमा काम गर्दा आयात अझ खराब हुनेछ। यसबीचमा नरम हुँदै गएको विश्वव्यापी पृष्ठभूमि र अमेरिकी डलरको मजबुतीले निर्यात वृद्धिमा कमी ल्याउनेछ ।'

सेप्टेम्बरको अमेरिकी व्यापार घाटामा भएको वृद्धिले वस्तु घाटामा वृद्धि र सेवा अधिशेषमा गिरावटलाई प्रतिबिम्बित गरेको वाणिज्य मन्त्रालयद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ । दुई देशबीचको व्यापार युद्धका बेला चीनसँगको अमेरिकी वस्तु घाटा सेप्टेम्बरमा बढेर २४ अर्ब १० करोड अमेरिकी डलर पुगेको तथ्याङ्कले देखाएको छ ।

'हाई फ्रिक्वेन्सी इकोनोमिक्स'की रूबेला फारुकीका अनुसार तेस्रो त्रैमासिकमा व्यापारले 'कूल गार्हस्थ उत्पादनमा सामान्य गिरावट' ल्याएको छ । प्रारम्भिक अनुमानका आधारमा चौथो त्रैमासिकमा 'शुद्ध निर्यातबाट सानो योगदान' हुने अपेक्षा गरिएको उनले बताए ।


## Invitation For Bids

## Beldandi Rural Municipality
## Office of the Rural Municipal Executive
**Beldandi, Kanchanpur**

### Invitation for Electronic Bids for Procurement of Medicines and surgical items for Beldandi Rural Municipality

**Contract Identification No: BRM/2080/081/NCB/Goods-04**

**First Date of Publication: 2080/07/22**

1. The Government of Nepal (GON) has allocated funds to Beldandi Rural Municipality for Procurement of Medicines and surgical items and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for Procurement of Medicines and surgical items. Bid is open to all eligible Nepalese Bidders/suppliers.
2. The Beldandi Rural Municipality invites electronic bids from registered bidders for Procurement of Medicines under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents. The eligible bidder/suppliers shall have to submit company registration certificate, updated registration certificate of Aushadhi Byawastha Bibhaag, VAT /PAN registration certificate, tax clearance certificate of 2079/080 and tax extension evidence, and medicines to be supplied shall have WHO certified company.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Beldandi Rural Municipality or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank : NMB Bank.**
   **Name of the Office : Beldandi Rural Municipality, Beldandi Kanchanpur.**
   **Office Account No.**
   **Antarik Rajaswa khata no. : 1180067400500015**
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp,on or before 12:00 noon on 2080/08/22. Documents received after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Beldandi Rural Municipality on 2080/08/22 14:00 hours at the office of Beldandi Rural Municipality, Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to Rs.58000 which shall be valid for 30 days beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account Dharauti account No.: 1180067400500041 Beldandi Rural Municipality at NMB Bank., Beldandi Branch, Kanchanpur and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| Description of Work | Bid Security Amount (NRS.) | Bid Document Fee |
|---|---|---|
| Procurement of Medicines and surgical items for beldandi Rural municipality | 58,000.00 | 3,000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief administrative Officer**



## कतारमा रोजगारको अवसर | कम्पनी: ALFARDAN GROUP LLC शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९३३६ LT. No.: 273776 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cleaner Worker | 2 | 0 | | 1000 | ३६,४४० | | | | | | | |
| 3. | Labour | 1 | 0 | | 1000 | ३६,४४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० कात्तिक २९ गते (15 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, ताहचचलमा सम्पर्क गर्नुहोला ।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं. ८७५/०६६/०६७

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल,
फोन: ०१५४२०५६२ । ५४५०६३४ । ५४५५१४४ । ५४५५४८०
Email- info@merocvs.com / info@luckyhrsolution.com



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Kyushu Business Support Cooperative शहर : Japan,
पूर्व स्वीकृत मितिः २०८०/०७/२० चलानी नं.: ६०२०९८९७ Lt. No.:294741

| सि. न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 182600 | १,६२,५१४ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ४ गते (20 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : निःशुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४

**NICE OVERSEAS PVT. LTD.**
Jawalakhel 13, Lalitpur, Tel.: 5435529, 5423629,, 9851193062
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np



## BAHRAIN मा रोजगार | कम्पनी : WESTON CLEANING शहरः MANAMA

पूर्व स्वीकृत मितिः २०८०/०४/२६ चलानी नं.: ६०२०६०१६ L.T. No.: 290753 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 16 | 0 | स. काममा दक्ष | 100 | ३५,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL SABAH PEARL POLY CLINIC शहरः Kuwait,HAWALLY
पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१६८२ L.T. No.: 286291 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 0 | 2 | स. काममा दक्ष | 110 | ३८,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २९ गते (15 Nov 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD.
इजाजत पत्र नं. ८३८/०६६/०६७

**सुगम ओभरसिज प्रा. लि.**
सामाखुसी (रिङ्गरोड), काठमाडौं Tel: 4986106,4987183 Mobile: 9841596513, 9813492755
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

# बक्स अफिस समाचार

## मिस गुरुङको ग्राण्ड फिनाले शुक्रबार

**काठमाडौं/मस-** मिस गुरुङ इन्टरनेशनलको पाँचौं संस्करणको ग्रयान्ड फिनाले आगामी २४ गते काठमाडौंको राष्ट्रिय सभा गृहमा हुने भएको छ। गुरुङ समुदायको कला, भाषा, भेषभूषा तथा संस्कृतिको संरक्षणका लागि आयोजना हुँदै आएको मिस गुरुङ इन्टरनेशनलको आयोजक मृगतृष्णा फेसन हाउसले मध्यान्ह दैनिकलाई बताएको छ।

मिस गुरुङ इन्टरनेशनलको पाँचौं संस्करणमा नेपाल र भारतबाट समेत कलाकारहरुको सहभागिता रहेको र कार्यक्रममा सहभागी कलाकारहरुलाई फेसन शो, म्युजिक भिडियोलगायतका व्यावसायिक गतिविधिमा अवसर दिने आयोजक संस्थाले बताएको छ। विजेताहरुले विभिन्न उपाधिका साथै नगद पुरस्कार एवम् अस्ट्रेलियामा हुन



गइइरहेको हेरिटेज फेसन शोमा सहभागी हुने अवसर पाउने छन्। मिस गुरुङ इन्टरनेशनल उपाधि विजेताले पाँच लाख बराबरको पुरस्कार, मिस पपुलर अवार्ड विजेताले तीन लाख बराबर तथा फर्स्ट रनरअपले दुई लाख बराबर, सेकेन्ड रनरअपले एक लाख र मिस ट्यालेन्ट उपाधि विजेताले २५ हजार बराबरको नगद पुरस्कार पाउनेछन्।

प्रतियोगिताको अनलाइन भोटिङ पार्टनर ओएसआर कनेक्ट रहेको छ भने प्रतियोगिताको व्यवस्थापन बी एन्ड बी इभेन्ट मानियाले गर्ने छ। मृग तिष्णा फेसन हाउसले कार्यक्रमलाई सफल बनाउन नेपाल-भारत मानव विकास एवम् मैत्री संघका अध्यक्ष सुर्य भुसाल र नेपाल-भारत आदिवासी जनजाति मैत्री संघका अध्यक्ष विनोद गुरुङलाई सल्लाहकारको रूपमा नियुक्त गरेको छ।


## Dodhara Chandani Municipality
## Office of the Municipal Executive

**Dodhara Chadani, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation For Bids

**First Date of Publication: 2080/07/22**

